## तीनपाटन गाउँपालिकाको

स्थानीय राजपत्र

# प्राविधिक शिक्षा छात्रवृत्ति अनुदान व्यवस्थापन कार्यविधि, २०७९

**भाग-२**

कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/१२/०८
खण्ड : ६, अंक ६०, संख्या ४९
राजपत्रमा प्रकाशित मिति : २०८०/०२/१०

प्रमाणिकरण मिति : २०८०/०२/१५

## तीनपाटन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, लाम्पनटार
सिन्धुली, जिल्ला
बागमती प्रदेश, नेपाल

# प्राविधिक शिक्षा छात्रवृत्ति अनुदान व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना :**

तीनपाटन गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा अध्ययनरत जेहेन्दार, महिला, दलित, जनजाति र विपन्न परिवारका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरी प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि तीनपाटन गाउँपालिकाबाट विनियोजित प्राविधिक शिक्षा छात्रवृत्ति अनुदान रकमको सही सदुपयोग गर्न-गराउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी तीनपाटन गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भ र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्राविधिक शिक्षा छात्रवृत्ति अनुदान व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ।

(२) यस कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले तीनपाटन गाउँपालिकाको प्राविधिक शिक्षा छात्रवृत्ति अनुदान व्यवस्थापन कार्यविधि, २०७९ सम्झनुपर्दछ।

(ख) "गाउँपालिका" भन्नाले तीनपाटन गाउँपालिका सम्झनुपर्दछ।

(ग) **"कार्यपालिका"** भन्नाले तीनपाटन गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्दछ।

(घ) **"कार्यालय"** भन्नाले तीनपाटन गाउँपालिका कार्यालयलाई सम्झनु पर्दछ।



(ङ) **"प्राविधिक शिक्षा छात्रवृत्ति"** भन्नाले गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम अध्ययन गरेका विद्यार्थीहरूलाई गाउँपालिका कार्यालयबाट यसै कार्यविधि बमोजिम उपलब्ध गराउने अनुदान रकमलाई सम्झनु पर्दछ।

(च) **"छात्रवृत्ति छनोट समिति"** भन्नाले दफा ६ बमोजिमको समिति सम्झनु पर्दछ।

## परिच्छेद-२
## उद्देश्य तथा बजेट सीमा

३. **उद्देश्य :** यो कार्यविधि जारी गर्नुको उद्देश्य देहाय अनुसार रहेको छ।

(क) प्राविधिक शिक्षा छात्रवृत्ति अनुदान वितरणको कार्यलाई व्यवस्थित गर्नु।

(ख) प्राविधिक शिक्षा अध्ययनमा तीनपाटनवासीको पहुँचको आधार तयार गर्नु।

४. **बजेट सीमा :** तीनपाटन गाउँपालिकाको गाउँ सभाबाट प्राविधिक शिक्षा छात्रवृत्ति अनुदान शीर्षकमा स्वीकृत रकम नै बजेटको सीमा हो।

## परिच्छेद-३
## छात्रवृत्तिका शर्त तथा छात्रवृत्तिका लागि ग्राह्य छात्रछात्रा

५. **छात्रवृत्तिका शर्तहरू :** यस कार्यविधि बमोजिम छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीहरूले देहाय बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछ :-

(क) गाउँपालिका भित्रको स्थायी बासिन्दा हुनुपर्ने वा गाउँपालिका भित्रको स्थायी बासिन्दा पुरुषसँग विवाह गरेको हुनुपर्ने।

(ख) गाउँपालिका भित्रको सामुदायिक विद्यालयबाट एस.एल.सी/एस.ई.ई गरेको हुनुपर्ने।

(ग) गाउँपालिका भित्र सञ्चालनमा रहेको सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम अध्ययनका लागि भर्ना भएको हुनुपर्ने।

साथै प्राविधिक शिक्षा कार्यक्रमको दोस्रो वा तेस्रो बर्षमा अध्ययन गरेका विद्यार्थीको हकमा अघिल्लो बर्षको वार्षिक परीक्षामा सहभागी भएको हुनुपर्ने ।

(घ) छात्रवृत्तिका लागि आवेदन दिएको शैक्षिक सत्रमा संघीय सरकार, प्रदेश सरकार, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, स्थानीय तह, सम्बन्धित विद्यालय वा अन्य कुनै पनि निकाय वा संघ संस्थाबाट छात्रवृत्ति नपाएको हुनुपर्ने ।

६. **छात्रवृत्ति प्राप्त गर्ने छात्रछात्रा:** दफा ५ बमोजिमको शर्त पूरा गरेका गाउँपालिका अन्तर्गत सञ्चालित प्राविधिक शिक्षा अध्ययन गराउने सामुदायिक विद्यालयमा कृषि, भेटनेरी, सर्भेयर सिभिल इन्जिनियरिङ, बन विज्ञान विषयमा डिप्लोमा तहको प्रथम, द्वितीय र तृतीय वर्षमा अध्ययनरत विपन्न, जेहेन्दार, महिला, दलित र जनजाति परिवारका छात्रछात्राहरूमध्ये दफा ८ बमोजिमको छनोट समितिबाट छनोट भएका छात्रछात्राले यो कार्यविधि बमोजिमको छात्रवृत्ति प्राप्त गर्नेछन् ।

## परिच्छेद-४
## छात्रवृत्तिका लागि छनोट तथा छात्रवृत्ति वितरण

७. **छात्रवृत्तिका लागि छनोट प्रक्रिया:** (१) दफा ५ बमोजिमको शर्त पूरा गरेका छात्रछात्राले दफा (ङ) मा तोकिएको कागजात सहित गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा अनुसूची १ को ढाँचामा निवेदन पेस गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम प्राप्त भएका निवेदनहरू जाँचबुझ तथा मूल्याङ्कन गरी नाम छनोट तथा सिफारिस गर्न शिक्षा, युवा तथा खेलकुद शाखाले दफा ६ बमोजिमको समितिमा पेस गर्नेछ ।

(घ) छात्रवृत्ति छनोट समितिले उपदफा १ बमोजिम प्राप्त भएका निवेदनहरू जाँचबुझ तथा मूल्याङ्कन गरी दफा ३ बमोजिमका शर्त पूरा गरेका र दफा ८ मा तोकिएको प्रक्रिया र कागजात पूरा



गरेका छात्रछात्राको नाम छनोट गरी दफा ९ बमोजिमको छात्रवृत्ति उपलब्ध गराउन गाउँपालिका कार्यालयलाइ सिफारिस गर्नेछ ।

८. **छात्रवृत्ति छनोट समिति:** यस कार्यविधि बमोजिम प्रदान गरिने छात्रवृत्ति छनोटको लागि देहाय बमोजिम छात्रवृत्ति छनोट समिति रहनेछ:-

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | - संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ) सामाजिक विकास समिति संयोजक | - सदस्य |
| ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य सचिव |

९. **छात्रवृत्ति छनोट समितिको काम, कर्तव्य र अधिकार** : छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) विनियोजित बजेटको सीमाभित्र रही कार्यविधिले तोकेको मापदण्ड अनुसार छात्रवृत्तिको किसिम, रकम र संख्या यकिन गरी आवेदनको लागि सूचना प्रकाशन गर्ने ।

(ख) प्रकाशित सूचना अनुसार प्राप्त भएका निवेदनहरूको जाँचबुझ गर्ने ।

(ग) छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्ने ।

(घ) छात्रवृत्ति कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

१०. **छात्रवृत्तिको आवेदनसाथ पेस गर्नुपर्ने कागजातहरू** : दफा ५ बमोजिमको शर्त पूरा गरेका छात्रछात्राले दफा ११ बमोजिमको छात्रवृत्ति प्राप्त गर्न दफा ७ को उपदफा १ बमोजिम पेस गर्ने निवेदनसाथ देहायका कागजात अनिवार्य रूपमा पेस गर्नुपर्नेछ ।

(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि नागरिकता प्रमाणपत्र नहुनेको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि

(ख) तीनपाटन गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गरिरहेको सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) तीनपाटन गाउँपालिकाको स्थायी बासिन्दा पुरुषसँग विवाह गरेको भए विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि

(घ) एस.एल.सी./एस.ई.ई उत्तीर्ण लब्धाङ्क पत्र तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

(ङ) डिप्लोमा तहमा (प्रथम,दोस्रो वा तेस्रो वर्षमा) भर्ना हुँदाको भर्ना रसिदको प्रतिलिपि

(च) छात्रवृत्ति उपलब्धताका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस

(छ) तृतीय वा चौथो वर्षको अध्ययनरत विद्यार्थीको हकमा प्रथम से मेस्टर/वर्षको लब्धाङ्क पत्रको प्रतिलिपी

**११. छात्रवृत्तिको रकम र निकासा प्रक्रिया :**

(१) सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा अध्ययनरत रहेका देहायका वर्षका छात्रछात्रालाई तपसिलको रकम छात्रवृत्ति स्वरुप उपलब्ध गराइनेछ :

| कार्यक्रम | वर्ष | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या | छात्रवृत्ति रकम प्रतिविद्यार्थी रु. |
|---|---|---|---|
| कृषि, भेटनेरी, सर्भेयर, सिभिल इन्जिनियरिङ, वन विज्ञान | पहिलो | १० | ३०,०००/- |
| | दोस्रो | ८ | ३०,०००/- |
| | तेस्रो | ६ | ३०,०००/- |

(२) उपदफा १ बमोजिमको छात्रवृत्ति रकम प्राप्तिका लागि छनोट भएका छात्रछात्राहरूले गाउँपालिका कार्यालयबाट सूचना प्रकाशन भए पश्चात आफ्नो बैंक खाताको विवरण कार्यालयमा पेस गर्नुपर्नेछ ।

(३) छात्रवृत्तिका लागि छनोट भई बैंक खाताको विवरण पेस गर्ने छात्रछात्राहरुको सम्बन्धित बैंक खातामा कार्यालयले छात्रवृत्ति रकम निकासा दिनेछ ।



## परिच्छेद-५
## विविध

**१२. विवरण उपलब्ध गराउनुपर्ने :** छात्रवृत्ति पाएका विद्यार्थी अध्ययन गर्ने सामुदायिक विद्यालयले छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीको नाम, ठेगाना, फोन नं., हाजिरी, भर्ना भएको र सम्बन्धित कक्षा/तहको अन्तिम परीक्षामा सहभागी भएको व्यहोराको विवरण प्रत्येक वर्ष गाउँपालिका कार्यालयमा उपलब्ध गराउनुपर्नेछ ।

**१३. छात्रवृत्ति वितरण व्यवस्थापन खर्च:** छात्रवृत्ति सम्बन्धी सूचना प्रकाशन, छात्रवृत्तिको दरखास्त निवेदन संकलन, बैठक र अनुगमन कार्यको लागि लाग्ने खर्च स्वीकृत मापदण्ड बमोजिम गर्ने गरी छात्रवृत्ति शीर्षकमा विनियोजन भएको रकमबाट व्यवस्थापन गरिनेछ ।

**१४. प्रतिवेदनमा उल्लेख हुनुपर्ने:** गाउँपालिकाले यस कार्यविधि बमोजिम वितरण गरेको छात्रवृत्ति सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी वार्षिक शैक्षिक स्थिति प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ ।

**१५. लेखा तथा लेखा परीक्षण:** (१) छात्रवृत्ति रकमको लेखा प्रणाली प्रचलित कानून बमोजिम हुनेछ ।

(२) आन्तरिक लेखा परीक्षण गाउँपालिका कार्यालयमा कार्यरत आन्तरिक लेखा परीक्षकबाट र अन्तिम लेखा परीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ ।

**१६. सरकारी बाँकी सरह असुल उपर गरिने:** छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिले यस कार्यविधिमा तोकिएको शर्त विपरीत कार्य गरेमा वा अध्ययन बीचैमा छाडेमा वा दोहोरो छात्रवृत्ति लिएमा निजलाई प्रदान गरिएको छात्रवृत्ति रकम निजको घरधरानाबाट कार्यालयले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

**१७. गाउँपालिकाले सेवामा खटाउन सक्ने:** (१) यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गरी अध्ययन पूरा गरेका विद्यार्थीलाई गाउँपालिकाले

आवश्यक ठानेमा अध्ययन पूरा गरेको मितिबाट बढीमा दुई वर्षसम्म गाउँपालिका भित्रको सम्बन्धित क्षेत्रको सेवामा खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवामा खटाउँदा निजलाई सेवा करार सम्झौतामा उल्लेख भए बमोजिमको पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ।

**१८. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि बमोजिमको कुनै व्यवस्था कार्यान्वयनमा केही बाधा भएमा गाउं कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१९. उजुरी तथा निर्णयः** यस कार्यविधि बमोजिम वितरण गरिने छात्रवृत्ति लगायतका विषयमा गाउंपालिका कार्यालय समक्ष उजुरी दिन सकिनेछ (प्राप्त उजुरीका सम्बन्धमा गाउंपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

**२०. यसै कार्यविधि बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका कुराहरू यसै कार्यविधि बमोजिम हुनेछन् र यसमा उल्लेख नभएका विषयहरू प्रचलित कानुन बमोजिम हुनेछन् ।

**२१. खारेजी र बचाउः** (१) उपाध्यक्ष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम कार्यविधि खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम भएका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले**

जितेन्द्र गिरी

नि. प्रमुख प्रशासकीय अधिकृत



**अनुसूची-१**

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

## प्राविधिक शिक्षा छात्रवृत्ति निवेदनको ढाँचा

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू**
**तीनपाटन गाउँपालिका**
**खाम्पनटार, सिन्धुली ।**

**विषय : छात्रवृत्ति सम्बन्धमा ।**

महोदय

तीनपाटन गाउँपालिका कार्यालय खाम्पनटार सिन्धुलीको मिति.................... को सूचना बमोजिम सामुदायिक माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा अध्ययनको लागि प्रदान गरिने छात्रवृत्ति उपलब्ध गराई पाउन मेरो व्यक्तिगत, संस्थागत र अन्य विवरण तपसिलमा खुलाई यहाँ कार्यालय समक्ष यो निवेदन पेस गरेको छु ।

१. छात्रवृत्तिको किसिम : प्राविधिक शिक्षा छात्रवृत्ति
२. छात्रवृत्तिका लागि आवेदन दिएको शैक्षिक तह : डिप्लोमा प्रमाणपत्र तह (प्रथम वर्ष/दोस्रो वर्ष/तेस्रो वर्ष)
३. प्रथम/दोस्रो/तेस्रो वर्षमा भर्ना भएको मिति :
४. प्रथम/दोस्रो/तेस्रो वर्षको वार्षिक परीक्षामा सामेल भएको मिति:
५. व्यक्तिगत विवरण :
  (क) नाम,थर:
  (ख) ठेगाना:
  (ग) मोबाइल नं.:
  (घ) इमेल ठेगाना:
  (ङ) बुबा/आमाको नाम:
  (च) बाजेको नाम:
  (छ) वैवाहिक स्थिति: विवाहित/अविवाहित
  (ज) रोजगारीको स्थिति: रोजगार/बेरोजगार
  (झ) अध्ययनरत विद्यालयको नाम, ठेगाना:
  (ञ) अध्ययनरत विषय:

६. शैक्षिक विवरण :

| क.स. | उत्तीर्ण गरेको/अध्ययनरत रहेको शैक्षिक तह/वर्ष | उत्तीर्ण गरेको/अध्ययनरत रहेको संस्थाको नाम, ठेगाना | मुख्य विषय | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|---|
| एस.एल.सी./एस.ई.ई. | | | | | |
| डिप्लोमा प्रमाणपत्र | | | | | |

७. अध्ययन लागत :
(क) अध्ययनरत सामुदायिक विद्यालयको मासिक पढाई शुल्क:
(ख) प्रयोगात्मक शुल्क:
(ग) अन्य शुल्क:

*माथि उल्लेख गरिएको व्यहोरा ठीक साँचो हो । झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।*

निवेदकको नाम, थर:
दस्तखत:
मिति:
मोबाइल नं.: